जसले यो प्रार्थना तीन पटक पढ्छ: "अल्लाहको नाममा, जसको नामले पृथ्वी वा आकाशमा कुनै पनि कुराले हानि गर्न सक्दैन र उहाँ सर्वश्रोता एवं सर्वज्ञ हुनुहुन्छ।" बिहानसम्म कुनै पनि अचानक विपत्तिले उसलाई आक्रमण गर्नेछैन।

अबान बिन उस्मान (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, मैले उस्मान बिन अफ़्फ़ान (रज़ियल्लाहु अन्हु) ले भन्दै गरेको सुनेँ, अल्लाहका रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभएको छ : "जसले यो प्रार्थना तीन पटक पढ्छ: "अल्लाहको नाममा, जसको नामले पृथ्वी वा आकाशमा कुनै पनि कुराले हानि गर्न सक्दैन र उहाँ सर्वश्रोता एवं सर्वज्ञ हुनुहुन्छ।" बिहानसम्म कुनै पनि अचानक विपत्तिले उसलाई आक्रमण गर्नेछैन।" र जसले बिहान तीन पटक यो पढ्छ, साँझसम्म उसलाई अचानक कुनै विपत्ति आउने छैन।" वर्णनकर्ता भन्छन्, पछि अबान बिन उस्मानमाथि पक्षाघात (फालिज) को आक्रमण भयो, त्यसैले उनीबाट यो हदीस सुन्ने व्यक्तिले उनलाई हेर्न थाल्यो। त्यसैले अबानले
उनलाई सोधे: के भयो, तिमी मलाई किन हेरिरहेका छौ? अल्लाहको कसम, मैले उस्मानलाई झूटो भनेर केही भनेको छैन, नत उस्मानले अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई झूटो भनेर केही भनेको छ। वास्तवमा जुन दिन मलाई यो बिमारी लागेको थियो त्यो दिन रिसको
झोकमा भएकोले यो दुआ पढ्न बिर्सिएको थिएँ । [सही] [अबू दाउद, तिर्मीजी र निसाईले कुब्रामा र इब्ने माजह तथा अहमदले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट पार्नुभयो, जो कुनै व्यक्ति प्रत्येक बिहान फज्र पछि र प्रत्येक साँझ सूर्यास्तअघि तीन पटक यो भन्छ: म यस अल्लाहको सहयोग चाहन्छु र हरेक पीडादायी कुराबाट उहाँको सुरक्षा चाहन्छु, उहाँको नाम लिइसकेपछि कुनै पनि ठूलो कुरा, पृथ्वीबाट आउने कुनै पनि विपत्ति वा आकाशबाट आउने कुनै पनि विपत्तिले मलाई हानि पुर्याउन सक्दैन। उहाँ नै हाम्रो कुरा सुन्ने र हाम्रो परिस्थितिको बारेमा जानकार हुनुहुन्छ। यदि यो साँझमा पढियो भने, बिहानसम्म अचानक कुनै पनि कुराले हानि गर्दैन, र यदि बिहान पढियो भने, साँझसम्म अचानक कुनै पनि कुराले हानि गर्दैन। हदीसका वर्णनकर्ता अबान बिन उस्मानमाथि पक्षाघात (फालिज) को आक्रमण भयो, त्यसैले उनीबाट यो हदीस सुन्ने व्यक्तिले उनलाई हेर्न थाल्यो। त्यसैले अबानले उनलाई सोधे: के भयो, तिमी मलाई किन हेरिरहेका छौ? अल्लाहको कसम, मैले उस्मानलाई झूटो भनेर केही भनेको छैन, नत उस्मानले अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई झूटो भनेर केही भनेको छ। वास्तवमा जुन दिन मलाई यो बिमारी लागेको थियो त्यो दिन रिसको झोकमा भएकोले यो दुआ पढ्न बिर्सिएको थिएँ ।

http://sunnah.global/hadeeth/ne/show/6093